Volume 02, Issue 01, 2024. PP. 105–114
https://doi.org/10.62078/grks.2024.v02i01.010
Review Article

GS WOW
Wisdom of Worthy Research Journal

# विश्व राजनीतिमा काल्पनिक समाजवादी चिन्तनको उद्‌भव

**गोविन्द प्रसाद मैनाली**
विद्यावारिधि अनुसन्धानरत, त्रिभुवन विश्वविदालय, कीर्तिपुर, काठमाडौं

**ARTICLE INFO**

***Corresponding Author***
Govinda Prasad Mainali

***Email***
*mainaligovindaprasad@gmail.com*

***Article History***
*Received: 04 October 2023*
*Accepted: 12 November2023*

***Orcid***
*https://orcid.org/0009-0003-7803-3283*

***Cite***
Mainali, G. P. (2024). विश्व राजनीतिमा काल्पनिक समाजवादी चिन्तनको उद्‌भव *GS WoW: Wisdom of Worthy Research Journal,* 2(1), 105–114.
https://doi.org/10.5281/zenodo.12606525

## लेखसार (ABSTRACT)

विश्व राजनीतिमा काल्पनिक समाजवादी चिन्तनको उद्‌भव कसरी भयो भनी अध्ययन गर्नु यस आलखेको प्रमुख उद्देश्य हो । थोमस मुञ्जर, थोमस मुर, तम्मासो कम्पान्नेल्ला र जेरार्ड विन्स्टेनलीको काल्पनिक समाजवादी चिन्तनलाई अध्ययन गरी उनीहरूको काल्पनिक चिन्तनलाई प्रकाश पार्नु नै यस आलेखको प्रमुख उद्देश्य हो । यस आलेखको अध्ययन विधि आगनात्मक विधि हो । यस आलखेको अध्ययन ढाँचा ऐतिहासिक, वर्णनात्मक र विवरणात्मक ढाँचा हो । यस आलेखको अध्ययन गर्दा स्रोत सामाग्री सहायक स्रोतका आधारमा सङ्कलन गरिएको छ । सङ्कलन गरिएको उक्त सामाग्रीलाई गुणात्मक विश्लेषण विधि मार्फत विश्लेषण गरी अध्ययनको निष्कर्ष निकालिएको छ । जसले गर्दा यस आलेख ठोस, तार्किक र वैज्ञानिक बन्न पुगेको छ । काल्पनिक समाजवादी चिन्तनको उद्‌भव अध्ययन गर्दा थोमस मुन्जर (१४९०–१५२५), थोमस मुर (१४७८–१५३५), तम्मासो कम्पान्नेल्ला (१५८६–१६३९) र जेरार्ड विन्स्टेनली (१६०९–१६५२) को काल्पनिक समाजवादी चिन्तनलाई प्रमुख आधारमा मानिएको छ । यी काल्पनिक समाजवादी चिन्तकले सामन्तवादी सामाजिक व्यवस्थाले चरम शोषण, विभेद, दमन र अन्याय गर्न थालेपछि यसको विकल्पमा शोषण, विभेद, दमन र अन्यायरहित नयाँ समतामुलक समाजवादी सामाजिक व्यवस्थाको परिकल्पना गरी काल्पनिक समाजवादी चिन्तनको उद्‌भव गराएका थिए भनी निष्कर्षमा पुग्नु यस आलखेको उपलब्धि हो भने यस आलेखको अध्ययनले विश्व राजनीतिमा उद्‌भव भएको काल्पनिक साजवादी चिन्तन सम्बन्धी ज्ञान प्राप्त हुन्छ । यस आलेखमा थोमस मुन्जरको 'पृथ्वीमा इश्वरको राज स्थापित गर्नुपर्छ' भन्ने काल्पनिक समाजवादी चिन्तन, थोमस मुरको 'युटोपिया' सम्बन्धी काल्पनिक समाजवादी चिन्तन, तम्मासो कम्पान्नेल्लाको 'सूर्य नगर' सम्बन्धी काल्पनिक समाजवादी चिन्तन र जेरार्ड विन्स्टेनलीको 'स्वतन्त्रताको कानुन' सम्बन्धी काल्पनिक समाजवादी चिन्तनको अध्ययन गरिएको हुँदा यस आलेखको विशेष महत्व छ ।

**शब्दकुञ्जी**: पृथ्वीमा इश्वरको राज, युटोपिया, सूर्य नगर, स्वतन्त्रताको कानुन, सामन्तवाद, समाजवाद

## विषय परिचय

यस आलेखमा काल्पनिक समाजवादी चिन्तनको उद्‌भवको अध्ययन गरिएको छ । काल्पनिक समाजवादी चिन्तन पूर्वीय दर्शन र पाश्चात्य दर्शनको आदिम कालदेखि नै प्राग् ऐतिहासिक कालदेखि नै प्रस्फुटित भएको चिन्तन हो । पूर्वीय दर्शनको थुप्रै धार्मिक ग्रन्थहरूमा, पौराणकि कथाहरूमा र किंवदन्तीहरूमा काल्पनिक समाजवादी चिन्तन पाइन्थ्यो भने पाश्चात्य दर्शनको पनि धार्मिक ग्रन्थमा, पौराणिक कथाहरूमा र किंवदन्तीहरूमा पनि काल्पनिक समाजवादी चिन्तन प्रशस्तै भेटिन्थ्यो । तर, यस आलेखमा पूर्वीय तथा पाश्चात्य दर्शनको धार्मिक ग्रन्थहरूमा, पौराणिक कथाहरूमा र किंवदन्तीहरूमा पाइने काल्पनिक समाजवादी चिन्तनको अध्ययन नगरी मार्क्सवादी दर्शनको वैज्ञानिक समाजवादी चिन्तनको आधार, स्रोत र जगको रूपमा रहेको काल्पनिक समाजवादी चिन्तनको मात्रै अध्ययन गरिएको छ ।


*Copyright (c) 2023: Author(s). Published by Gaurishankar Campus*

काल्पनिक समाजवादी चिन्तन वैज्ञानिक समाजवादी चिन्तनको स्रोत हो । आदिम कालदेखि नै समाजवादी चिन्तनको अनुशरण गर्दै आएका मानव समाजले सामुहिकता, सहकारिता र सहअस्तित्वको मेलमिलापपूर्ण भावनाबाट ओतप्रोत भइ मानव समाजलाई सभ्यताको उन्मुखिरणतर्फ ल्याएका थिए । हाम्रा पुर्खाले समानता र समतामूलक समाजको कल्पना र मानवीय विचारधाराको द्वन्द्वात्मक खेलको प्रक्रियाबाट विभिन्न स्वरूपका विचारधारात्मक सामाजिक तथा रानजीतिक व्यवस्थाको उद्भव र विकास गराएका थिए। यसै क्रममा राज्यसत्ताको उत्पादनका साधन र वितरणमा सामाजिक स्वामित्व, अनिवार्य श्रम र श्रम अनुसारको पारिश्रमिकता, राज्यसत्ताको साधन स्रोतमा, सेवा प्रदानमा र वितरणमा समान र न्यायपूर्ण पद्धतिको विकास गर्ने (शिवोकोटी, २०६७ : १३५९) जस्ता लाक्षणिकता बोकेको समाजवादी चिन्तनको उद्भव, विकास र अभ्यास मानव सभ्यताको विकासको विभिन्न कालखण्डमा भएको थियो । हाम्रा पुर्खाले इतिहासमा विभिन्न कालखण्डमा समाजवादका यस्ता लाक्षणिकता बोकेका समाजिक व्यवस्थाको अभ्यास गरेका थिए। राज्यसत्ता र शक्तिको उदय भएपछि समाजवादी चिन्तनमा आधारित सामाजिक व्यवस्थाको हत्या भई निरंकुश तानाशाही प्रकृतिको शोषण र दमनमा आधारित सामन्तवादी राजनीतिक व्यवस्थाको स्थापना भएपछि यसको विकल्पको रूपमा १५/१६ औं शताब्दीतिर काल्पनिक समाजवादी चिन्तनको बहस, उद्भव र विकास भएको थियो (Conforth, 1972 : 4-6) । आदिम साम्यवादी युगको अन्त्य भए पनि त्यस समयमा अभ्यास गरिएको जस्तै सामाजिक व्यवस्थाको कल्पना काल्पनिक समाजवादी चिन्तकहरूले गरी नयाँ समाजवादी सामाजिक व्यवस्थाको स्थापना र अभ्यासका लागि बहस चलाएका थिए।

यस आलेखमा काल्पनिक समाजवादी चिन्तनको उद्भवको अध्ययन गर्दा १५/१६ औं शताब्दीका थोमस मुन्जर (१४९०–१५२५) देखि थोमस मुर (१४७८–१५३५), तम्मासो कम्पान्नेल्ला (१५६८–१६३९) र जेरार्ड विन्स्टेनली (१६०९–१६५२) सम्मको काल्पनिक समाजवादी चिन्तनको मात्रै अध्ययन गरिएको छ। समाजवादी राजनीतिक चिन्तनको उद्भव र विकासको इतिहास लामो छ। मानव सभ्यताको विकासले निर्माण गरेको काविलाकृत आदिम साम्यवादी गणराज्यको अन्त्यसँगै राज्यसत्ता र शक्तिको उद्भवले सामन्तवादी सामाजिक व्यवस्थाको स्थापना गरेको थियो। सामन्तवादी सामाजिक व्यवस्थाले शक्तिको प्रयोग गरी प्राकृतिक न्यायमा आधारित काविलाकृत आदिम साम्यवादी गणराज्यको अन्त्य गर्दै सामन्तवादी सामाजिक व्यवस्थाको स्थापना गर्ने काम गरेको थियो। जुन सामाजिक व्यवस्था 'जसको शक्ति उसैको भक्ति' मा आधारित शासन पद्धति थियो। यो सामन्तवादी सामाजिक व्यवस्था निरंकुश, क्रुर, हिंस्रक, दमनकारी, शोषणकारी र विभेदकारी भएपछि यसको विकल्पको रूपमा समानता, समतामूलक, सुशासन, सदाचार र सामाजिक न्यायको सिद्धान्तमा आधारित नयाँ सामाजिक व्यवस्थाको परिकल्पना गर्न थालेपछि काल्पनिक समाजवादी चिन्तनको उद्भव भएको थियो (Basso, 2021: 43-44)। सामन्तवादी सामाजिक व्यवस्था र वुर्जुवा पुँजीवादी सामाजिक व्यवस्थाले दमन, शोषण, अन्याय र अत्याचारको सीमा बढाई निरंकुश शासन व्यवस्थाको अभ्यास गरेपछि काल्पनिक समाजवादी चिन्तकहरूले आदिम साम्यवादी युगको साम्यवादी युगको जस्तै नयाँ समाजवादी सामाजिक व्यवस्थाको परिकल्पना गरी बहस चलाएपछि विश्व राजनीतिमा काल्पनिक समाजवादी चिन्तनको उद्भव हुन पुगेको थियो।

काल्पनिक समाजवादी चिन्तनको उद्भव क्रमशः हुन थालेपछि यसलाई प्रचार–प्रसार र संस्थागत तथा सङ्गठित रूप दिन काल्पनिक समाजवादी चिन्तकहरूले काल्पनिक समाजवादी चिन्तनलाई साहित्यिक कृतिमा मुखारित गर्ने काममा लागेका थिए। एकातिर काल्पनिक समाजवादी चिन्तनमा आधारित साहित्यिक कृतिको सिर्जना हुन पुगेको थियो भने अर्कोतिर शक्तिबाट सञ्चित र सञ्चालित सामन्तवादी सामाजिक व्यवस्था भत्किदै प्राक् पुँजीवादी रूपमा बदलिँन पुगेको थियो र त्यस व्यवस्थाले पुँजीवादी सामाजिक व्यवस्थाको आकार ग्रहण गर्दै गएको थियो । यसरी जति जति र जुन जुन गतिमा सामन्तवादी सामाजिक व्यवस्था भत्किदै पुँजीवादी सामाजिक व्यवस्थामा विकास हुँदै गएको थियो, त्यति त्यति नै र त्यही गतिमा पुँजीवादी सामाजिक व्यवस्था पनि दमन, शोषण, अत्याचार र विभेदकारी सामाजिक व्यवस्थामा रूपान्तरित र विकसित हुन पुगेको थियो । यसको विरूद्धमा नयाँ सामाजिक व्यवस्थाको परिकल्पना काल्पनिक समाजवादी चिन्तकहरूले गरी काल्पनिक समाजवादी चिन्तनको उदभव गराउन पुगेका थिए।

### समस्या कथन

विश्व राजनीतिमा समाजवादी चिन्तनको उद्भव र विकास तथा यसका प्रारूपका बारेमा व्यापक अध्ययन भए पनि मार्क्स र एंगेल्सले सन् १८४८ मा 'कम्युनिस्ट

घोषणापत्र' लेखि उद्भव र विकास गराएका 'वैज्ञानिक समाजवादी चिन्तन' को सैद्धान्तिक तथा दार्शनिक आधारको रूपमा रहेको काल्पनिक समाजवादी चिन्तनको उद्भवको बारेमा अध्यनय नभएको हुँदा यसै अध्ययनको रिक्तताका आधारमा यस आलेखको अध्ययन गरिएको छ । यस आलेखको अध्ययन गर्नका निम्ति निम्न प्रश्नहरूको निर्माण गरिएको छ।

- काल्पनिक समाजवादी चिन्तन भनेको के हो ?
- काल्पनिक समाजवादी चिन्तनको उद्भव किन भयो ?
- काल्पनिक समाजवादी चिन्तनको उद्भव कसरी भयो ?

### अध्ययनको उद्देश्य

यस आलेखको अध्ययनको उद्देश्य निम्न छन्।

- काल्पनिक समाजवादी चिन्तनलाई प्रस्ट पार्नु।
- काल्पनिक समाजवादी चिन्तनको उद्भव हुनुका कारणलाई उजागर गर्नु।
- काल्पनिक समाजवादी चिन्तनको उद्भवको बारेमा अध्ययन गर्नु।

## अध्ययन विधि

यस आलेखको अध्ययन विधि आगनात्मक विधि (Inductive method) हो । यस आलेख ऐतिहासिक ढाँचा (Historical Research Design) र वर्णनात्मक ढाँचा (Descriptive Research Design) मा अध्ययन गरिएको छ । यस आलेखको अध्ययन व्याख्यावादमा आधारित भएर गरिएको छ। यस आलेखको अध्ययन गर्दा गुणात्मक विश्लेषण विधि (Qualitative Data Analysis) अपनाइएको छ। यस आलेखको अध्ययन गर्दा सहायक स्रोतका आधारमा सामाग्री जुटाइएको छ। उक्त सामाग्रीलाई विश्लेषण गर्न गुणात्मक विश्लेषण विधि अपनाईएको छ। यस आलेखको अध्ययन गर्ने क्रममा काल्पनिक समाजवादी चिन्तनसम्बन्धी पुस्तकहरू, मार्क्सवादी पुस्तकहरू, विश्व समाजवादी आन्दोलन र क्रान्तिसम्बन्धी लेखिएका पुस्तकहरूलाई प्रमुख आधार मानि अध्ययन गरिएको छ।

## सैद्धान्तिक आधार

यस आलेखको सैद्धान्तिक आधार काल्पनिक समाजवादी चिन्तन हो । यस आलेखको अध्ययन गर्दा थोमस मुन्जरको 'पृथ्वीमा इश्वरको राज', थोमस मुरको 'युटोपिया', तम्मासो कम्पान्नेल्लाको 'सूर्यनगर' र जेरार्ड विन्स्टेनलीको 'स्वतन्त्रताको कानुन' सम्बन्धी काल्पनिक समाजवादी चिन्तनलाई प्रमुख सैद्धान्तिक आधार मानिएको छ।

## अर्थ र परिभाषा

काल्पनिक समाजवादी चिन्तन र चिन्तक त्यो हो, जुन अमूर्त सिद्धान्तको आधारमा समाजवादी सामाजिक व्यवस्थाको निर्माण गर्ने प्रयत्न गरिएको हुन्थ्यो र गर्दथ्यो । विचाराधीन युगका सम्पूर्ण काल्पनिक समाजवादी चिन्तकहरू र चिन्तनहरू यसै कोटीमा पर्दथे । यसर्थ ती चिन्तन र चिन्तकहरूलाई काल्पनिक समाजवादी चिन्तन र चिन्तक भनिन्थ्यो। काल्पनिक समाजवादी चिन्तनको चरण सभ्य समाजको आर्थिक विकासले उन्नत चरण लिएपछि अन्त्य भएको थियो (प्लेखानोभ, २०६८ : ३७)। काल्पनिक समाजवादी चिन्तकहरूले नयाँ समाजवादी सामाजिक व्यवस्थाको निर्माण गर्न ठोस राजनीतिक संघर्षको कार्यक्रम तय गर्न नसकेका कारण उनीहरूको समाजवादी चिन्तन काल्पनिक समाजवादी चिन्तनकै रूपमा दिन पुगेको थियो । काल्पनिक समाजवादसी चिन्तन तिव्र औद्योगिकरण र पुँजीवादको विकाससँगै अन्त्य हुन पुगेको थियो।

यस आलेखमा अध्ययन गरिएको काल्पनिक समाजवादी चिन्तकहरू इतिहासको विभिन्न कालखण्डका विभिन्न राष्ट्रियतासँग जोडिएका भए पनि यिनीहरूको साझा चिन्तन र उद्देश्य एकै खालको नयाँ समाजवादी सामाजिक व्यवस्थाको स्थापना गर्नु नै थियो । यी सबै काल्पनिक समाजवादी चिन्तकहरू समाजवादी सामाजिक व्यवस्थाको स्थापना बडो मेहनतका साथ थर्न चाहन्थे। जुन समाजमा 'श्रमको पारिश्रकिता स्वयम् श्रमिकको होस्, मानिसले मानिसको शोषण र दमन नगरून्, वर्ग, सामाजिक हैसियत र जातीय समस्याहरू नहोस्, सबै समान र बराबर होऊन्, अन्याय, असमानता, गरिबी र अधिकार बिहिनता नहोस् र सामाजिक न्याय कायम होस् (प्लेखानोभ, २०६८ : ३७) भनी ती चिन्तकहरूले नयाँ समाजवादी समाजको परिकल्पना गरेका थिए । काल्पनिक समाजवादी चिन्तकहरूले शोषणरहित, दमनरहित, अन्यायरहित, असमानतारहित, गरिबीरहित सुखयमय समाजको परिकल्पना गरेका थिए। तर, यिनै काल्पनिक समाजवादी चिन्तनको जग र स्रोतको आधारमा वैज्ञानिक समाजवादी चिन्तनको उद्भव भएको थियो। जसको मूल सिद्धान्त 'हरेकले क्षमता अनुसार काम र काम अनुसार पारिश्रमिकता प्राप्त गर्नु पाउनु हो' (Gilabert,

2015 : 197-225)। हरेक व्यक्तिले क्षमता अनुसारको काम र काम अनुसारको पारिश्रमिकता पाउनु उसको नैसर्गिक अधिकार हो भनी वैज्ञानिक समाजवादी चिन्तनले आफ्नो मूल सिद्धान्तको रूपमा ब्याख्या गरेको थियो।

## छलफल

### काल्पनिक समाजवादी चिन्तनको उद्भव

यस आलेखमा थोमस मुन्जर (१४९०–१५२५), थोमस मुर (१४७८–१५३५), तम्मासो कम्पान्नेल्ला (१५६८–१६३९) र जेरार्ड विन्स्टेनली (१६०९–१६५२) को काल्पनिक समाजवादी चिन्तन कस्तो प्रकारको थियो भनि अध्ययन गरिएको छ।

आदिम कालदेखि मानव समुदायले न्यायपूर्ण समाज र समतामूलक, शोषण र विभेदविहिन सामाजिक व्यवस्थाको परिकल्पना गरेका थिए । जुन यस्तो समाज थियो जहाँ सम्पूर्ण महिला र पुरुषलाई समान अवसर दिइन्छ, सबै मानव स्वतन्त्र तरिकाले रचनात्मक र सिर्जनात्मक शैलीले आ–आफ्नो कार्यमा लागिरहने छन्। एउटा व्यक्ति धनि, सुखी र सम्पन्नशाली बन्न अर्को व्यक्तिको शोषण र दमन गर्ने छैनन् भनी समाजवादी सामाजिक व्यवस्थाको परिकल्पना गरिएको थियो । काल्पनिक समाजवादी चिन्तकहरूले समाजवादी सामाजिक व्यवस्थाको प्रारूप तयार पारेका थिए, जसलाई साहित्यिक कृतिको रूपमा मुखरित र प्रस्तुत गरेका थिए (काशिन, चेर्काशोव, १९८८ः ११–१२) । काल्पनिक समाजवादी चिन्तकहरूले कल्पनामार्फत् नयाँ समाजवादी सामाजिक व्यवस्थाको परिकल्पना गरी साहित्य सिर्जना मार्फत् आफ्ना काल्पनिक समाजवादी चिन्तन प्रस्तुत गरेका थिए । काल्पनिक समाजवादी चिन्तकहरूले के सोचेका थिए भने आफूले परिकल्पना गरेका समाजवादी सामाजिक व्यवस्थाको निर्माण बुद्धिमान र विनम्र राजा महाराजाहरूलाई, धनाढ्य र सम्पन्नशाली व्यक्तिहरूलाई भन्यो भने उनीहरूले गरिदिन्छन्। तर, यी सबै आशावादी कुराहरू भ्रममा नै सीमित भएको थियो र उनीहरूले परिकल्पना गरेका कुराहरू अमूर्त भई कल्पनामा नै सीमित रहेको थियो। काल्पनिक समाजवादी चिन्तन यी नै काल्पनिक समाजवादी चिन्तकका अवधारणा र कल्पनाहरू थियो (Basso, 2021 : 48) । काल्पनिक समाजवादी चिन्तकहरूले राजनीतिक संघर्षका कार्यक्रमहरूको निर्माण गरी नयाँ समाजवादी सामाजिक व्यवस्थाको स्थापना गर्नका निम्ति संघर्षका कार्यक्रम तय गर्नु भन्दा पनि राजा महाराज र धनाढ्य व्यक्तिहरूले समाजवादी समाजको स्थापना गरी दिन्छन् भनी आशावादी भई बसेका हुँदा उनीहरूको समाजवादी चिन्तन कल्पनामै सीमित हुन पुगेको थियो।

आदिम साम्यवादी गणराज्य विस्थापित भएपछि दास–स्वामी सामाजिक व्यवस्था विकसित हुँदै जाँदा काल्पनिक समाजवादी चिन्तनको उद्भवको लागि वस्तुपरक र यथार्थपरक वातावरणको सिर्जना हुँदै गएको थियो । दास–स्वामी सामाजिक व्यवस्थाबाट जन्मिएको लम्पट सर्वहारावर्ग र यसको दास–स्वामी सामाजिक व्यवस्थासँगको वर्गगत शत्रुता र दुश्मनी काल्पनिक समाजवादी चिन्तनको स्रोतको रूपमा रहेको थियो (सबीरोव, १९८८ः ३६)। दास–स्वामि सामाजिक व्यवस्थाले निर्माण गरेको सर्वहारा वर्ग र दास–स्वामि सामाजिक व्यवस्थाको दमन, शोषण र अन्याय नै काल्पनिक समाजवादी चिन्तनको आधार र स्रोत थियो। काल्पनिक समाजवादी चिन्तकहरू के भन्दथे भने 'समाजवादी सामाजिक व्यवस्थाको निर्माण सम्भव छ ।' तर, काल्पनिक समाजवादी चिन्तकहरूले के सोचेका थिएनन् भने 'सामाजिक उत्पादनको शक्तिको विकास सँगसँगै वितरण पद्धतिको प्रारूपहरू पनि बदलिँदै जानेछन्।' यस कारणले उनीहरूको काल्पनिक समाजवादी चिन्तन कल्पनामै सीमित थियो (प्लेखानोभ, २०६८ः ३७) । काल्पनिक समाजवादी चिन्तकहरूले समाजवादी सामाजिक व्यवस्थाको निर्माण गर्न सम्भव छ भन्ने सोच्दथे । तर, सामाजिक उत्पादनका साधनहरूको विकास हुँदै गर्दा वितरण प्रणालीका प्रारूपहरूपनि बदलिँदै जानेछन्। जसका कारण समाजवादी सामाजिक व्यवस्थाको निर्माणका लागि ठोस राजनीतिक संघर्षका कार्यक्रमहरू पनि आवश्यक पर्दछन् भन्ने कुरा चाहिँ बुझ्न नसकेका कारण उनीहरूको समाजवादी चिन्तन कल्पनाकै कसिमा कस्सिन पुगेको थियो।

काल्पनिक समाजवादी चिन्तनको उद्भवको इतिहास धेरै लामो छ। आदिम साम्यवादी गणराज्यलाई दास–स्वामी सामाजिक व्यवस्थाले विस्थापित गरिसकेपछि र यस दास–स्वामी सामाजिक व्यवस्थालाई सामन्तवादी सामाजिक व्यवस्थाले विस्थापित गरेपछि सामन्तवादी सामाजिक व्यवस्था पनि दमन, शोषण विभेदकारी नीति, निरंकुशतामा आधारित भएपछि यसको विरूद्धमा धेरै जनआन्दोलनहरू, विद्रोहरू र युद्धहरू भएका थिए । जसले गर्दा तत्कालिन मानव समाजले सम्पतिमा समानता, गरिबीविहिन समाज, न्यायिक समाज, समतामूलक समाजको स्थापनाको निम्ति आवाज उठाउन थालेका

थिए (तामाङ, २०६९ : १९)। आदिम साम्यवादी युगको अन्त्य भएपछि स्थापित भएका सामाजिक व्यवस्थाले दमन शोषण, अन्याय र अत्यचारको सीमा बढाएपछि यसका विरूद्धमा दमनरहित, शोषणरहित, अन्यायरहित र अत्याचाररहित सुखमय समाजको परिकलपना कालपनिक समाजवादी चिन्तकहरूले गरेका थिए। विभेदकारी असमानता, दमन, शोषण, अन्याय र अत्याचारमा आधारित सामाजिक व्यवस्थाको स्थापना निर्मम तरिकाले भएपछि यसको विकल्पको रूपमा कल्पनामा रमाउने व्यक्तिहरूले कल्पनामा नै एउटा सुखद, सुनौलो र समन्यायिकतामा आधारित समाजवादी सामाजिक व्यवस्थाको परिकल्पना गर्न पुगेका थिए। उनीहरूको यही काल्पनिक चिन्तन काल्पनिक समाजवादी चिन्तनको रूपमा उद्‌भव हुन पुगेको थियो (Afanasyevv, 1967 : 20)। काल्पनिक समाजवादी चिन्तकहरूले सुखमय नयाँ समाजवादी सामाजिक व्यवस्थाको परिकल्पना गरी साहित्यमा आफ्ना भावहरू अभिव्यक्त गर्न थालेपछि विश्व राजनीतिमा काल्पनिक समाजवादी चिन्तनको उद्‌भव हुन पुगेको थियो। उद्‌भव भएपछि काल्पनिक समाजवादी चिन्तनले लामो यात्रा तय गरी आधुनिकताको स्वरूप ग्रहण गरेपछि काल्पनिक समाजवादी चिन्तन मार्क्स र एंगेल्सले प्रतिपादन गरेका वैज्ञानिक समाजवादी चिन्तनको जग र स्रोत बन्न बनेको थियो (सेलेज्नेव, फेतिसोव, १९८७ : ९–१०)। वैज्ञानिक समाजवादी चिन्तनको जग र स्रोत बनेको काल्पनिक समाजवादी चिन्तनको उद्‌भवको इतिहास धेरै लामो छ। जसलाई क्रमशः अध्ययन गर्न सकिन्छ।

**थोमस मुन्जर** १४९०–१५२५)

काल्पनिक समाजवादी चिन्तक थोमस मुन्जर (१४९०–१५२५) जर्मनका हुन्। उनी जर्मनको सन् १५१५ को किसान विद्रोहका नेता थिए। उनले तत्कालिन सामन्तकालीन जर्मनमा वर्गविहिन, निजी स्वामित्वविहिन र दमनकारी सामाजिक व्यवस्थाविहिन नयाँ समाजवादी सामाजिक व्यवस्थाको स्थापना गर्नुपर्छ भनि आफ्नो विचार व्यक्त गरेका थिए।

**पृथ्वीमा इश्वरको राज**

थोमस मुञ्जरले 'पृथ्वीमा इश्वरको राज' स्थापना गर्नुपर्ने भनी नयाँ अवधारणा ल्याउँदै काल्पनिक समाजवादी चिन्तनको उद्‌भव गराएका थिए। उनको काल्पनिक समाजवादी चिन्तनको अवधारणा 'पृथ्वीका इश्वरको राज स्थापना गर्नु पर्छ' भन्ने थियो। जसको अर्थ 'निजी स्वामित्व नभएको र दमनकारी राज्यसत्ता नभएको' समाजवादी व्यवस्थाको निर्माण गर्नु थियो (Cohen, 2000: 162)। उनको विचार 'पृथ्वीमा इश्वरको राज स्थापित' गर्नुपर्छ भन्ने थियो। उनले तत्कालीन सामन्तवादी जर्मनमा समतामुलक सामाजिक न्यायमा आधारित समाजवादी सामाजिक व्यवस्थाको स्थापना गर्नुपर्छ भनी काल्पनिक समाजवादी चिन्तनको उद्‌भव गराएका थिए (तामाङ, २०६९ : १९)। उनले सामन्तवादी सामाजिक व्यवस्थाको दमन, शोषण, अन्याय र अत्याचारका विरूद्ध दमन, शोषण, अन्याय र अत्याचाररहित वर्गविहिन, निजी स्वामित्वविहिन नयाँ समाजवादी सामाजिक व्यवस्थाको परिकल्पना गरी काल्पनिक समाजवादी चिन्तनको उद्‌भव गराएका थिए।

**थोमस मुर** (१४७८–१५३५)

थोमस मुन्जरपछि काल्पनिक समाजवादी चिन्तनको उद्‌भव गराउने चिन्तक थोमस मुर १४७८–१५३५) थिए। उनले 'युटोपिया' (१५१६) साहित्यिक कृति लेखि औपचारिक रूपमा काल्पनिक समाजवादी चिन्तनको शब्दावली उद्‌भव गराएका थिए (सेलेज्नेव, फेतीसोव, १९८७ : १०)। उनले 'युटोपिया' शब्दको प्रयोग गरी विश्व राजनीतिमा विविध रूपमा काल्पनिक साजवादी चिन्तनको उद्‌भव गराएका थिए।

**युटोपिया**

थोमस मुरले नै पहिलोपटक 'युटोपिया' पुस्तक लेखी काल्पनिक समाजवादी चिन्तनको पदावली चयन गरेका थिए। उनले युटोपिया पुस्तकमा समुन्द्र यात्रीको यात्राको विवरण लेखेका थिए। युटोपियामा तत्कालिन बेलायत तथा पुरै युरोपको सामन्तकालिन राजनीतिक, आर्थिक, सामाजिक र साँस्कृतिक व्यवस्थाको चित्रण र आलोचना गरेका थिए र निरंकुश शासनको नराम्रो पक्षलाई उल्लेख गरेका थिए (सबीरोव, १९८८ : ५०–५१)। उनले साहित्य मार्फत त्यसबेलाको सामन्तवादी सामाजिक व्यवस्थाको राजनीतिक, आर्थिक, सामाजिक र साँस्कृतिक पक्षको चित्रण गर्दै यसका नराम्रो र निरंकुश पक्षको आलोचना गरेका थिए।

**निजी स्वामित्वको उन्मुलन**

मुरको विचार 'निजी स्वामित्व रहँदासम्म न्याय र सामाजिक कल्याण समाजमा स्थापना गर्न सकिदैन, निजि

स्वामित्वले थोरै व्यक्ति धनी र सम्पन्न हुने तर, आम मानिस चाहिँ गरिबि र अभावमा जिउनै पर्ने बाध्यताको सिर्जना हुन्छ । यसर्थ निजी स्वामित्वको उन्मुलनले नै सामाजिक व्यवस्थाको नराम्रो पक्ष र समस्याहरू निर्मुल हुन्छ र नयाँ समाजवादी सामाजिक व्यवस्थाको स्थापना गर्न सकिन्छ' भन्ने थियो (सबीरोव, १९८६ : ५२) । उनले सामन्तवादी सामाजिक व्यवस्थामा आधारित निजी स्वामित्वको अन्त्य हुनुपर्छ भनी आफ्नो धारणा साहित्य मार्फत राखेका थिए । निजी स्वामित्वको उन्मुलन गरी नयाँ समाजवादी सामाजिक व्यवस्थाको निर्माण गर्नुपर्छ भन्ने उनको मत थियो ।

## मुरको नयाँ समाजवादी सामाजिक व्यवस्थाको प्रारूप

मुरले परिकल्पना गरेका नयाँ समाजवादी सामाजिक व्यवस्थामा राजनीतिक तथा सामाजिक व्यवस्थाको सिनेट सर्वोच्च निकाय थियो । आर्थिक व्यवस्था चाहिँ सामाजिक उत्पादनमा सहभागि हुने परिवारमा निहित थियो । सिनेटको काम उत्पादन र वितरणमा विशेष ख्याल गर्नु पर्दथ्यो र उत्पादन नभएको अवस्थामा र नहुने ठाउँमा पुनर्वितरण गर्नुपर्दथ्यो (सबीरोव, १९८८ : ५३–५४) । उनले परिकल्पना गरेका समाजवादी सामाजिक व्यवस्थाको सर्वोच्च निकाय सिनेट थियो । सिनेटले उत्पादन, वितरण र पुनर्वितरणमा सनतुलन कायम गर्दथ्यो । सम्पति निजी नभई सबैको साझा हुन्थ्यो । सिनेटले वैदेशिक व्यापारको पनि जिम्मेवारी वहन गर्नुपर्दथ्यो । केन्द्रीकृत नियोजित अर्थव्यवस्था थिएन र उत्पादनको कार्यभार नगरलाई थियो (D'Amato, 2006: 112) । उनले परिकल्पना गरेका समाजवादी सामाजिक व्यवस्थामा सम्पति निजी नभई साझा हुन्थ्यो । जस मार्फत् उनले निजी स्वामित्वको उन्मुलनको लागि आवाज उठाएका थिए । निजी सम्पतिका ठाउँमा साझा सम्पतिको अवधारणा ल्याएका थिए ।

मुरले परिकल्पना गरेका नयाँ समाजवादी सामाजिक व्यवस्थाका अधिकारीहरूलाई नागरिकले प्रत्यक्ष निर्वाचनबाट निर्वाचित गर्नु पर्दथ्यो । तल्लो तहको अधिकारीहरू

(साइफोग्रांटोहरू) परिवारहरूको प्रमुखले निर्वाचित गर्नुपर्दथ्यो भने माथिल्लो श्रेणीका अधिकारीहरू ट्रानिबोरोहरू र राज्यको प्रमुख) लाई साइफोग्रांटहरूले निर्वाचित गर्नुपर्दथ्यो । शिक्षामा पनि सैद्धान्तिक र व्यवहारिक दुबै शिक्षाको आवश्यकता नयाँ सामाजवादी सामाजिक व्यवस्थामा मुरले औंल्याएका थिए (सबीरोव १९८८ : ५४–५५) । उनले परिकल्पना गरेका सामन्तवादी सामाजिक व्यवस्थामा अधिकारीहरू प्रत्यक्ष निर्वाचन प्रणालीबाट निर्वाचित हुनुपर्ने अवधारणा अघि सारेका थिए । शिक्षाको क्षेत्रमा पार्न सैद्धान्तिक व्यवहारिक शिक्षा प्रणालीको वकालत गरेका थिए । जसले गर्दा तत्कालिन सामन्तवादी सामाजिक व्यवस्थामा भन्दा उनले परिकल्पना गरेका समाजवादी सामाजिक व्यवस्था धेरै उन्नत थियो ।

## मुरको काल्पनिक समाजवादी चिन्तनको विशेषता र योगदान

यसरी थोमस मुरले 'युटोपिया' पुस्तकमा काल्पनिक समाजवादी चिन्तनलाई प्रस्तुत गरेका थिए । उनी सामाजिक चिन्तक भएका कारणले तत्कालिन बेलायतको १५/१६ औं शताब्दीको राजनीतिक, आर्थिक, सामाजिक र साँस्कृतिक पक्षको राम्रोसँग प्रतिबिम्बित गरेका थिए । उनले नयाँ समाजवादी सामाजिक व्यवस्थाको परिकल्पना गरी काल्पनिक समाजवादी चिन्तनलाई सारा संसारसामु सुम्पेका थिए (सबीरोव, १९८८ : ५५) । उनले साहित्य मार्फत तत्कालिन सामन्तवादी सामाजिक व्यवस्थाका नराम्रा र खराब पक्षलाई चित्रण गर्दै यसका विरूद्ध नयाँ समाजवादी सामाजिक व्यवस्थाको वकालत गर्न पुगेका थिए । उनले 'युटोपिया' मार्फत विश्व राजनीतिलाई नयाँ काल्पनिक समाजवादी चिन्तन दिएका थिए । जसले तत्कालिन सामन्तवादी सामाजिक व्यवस्थामा उथलपुथल ल्याएको थियो र सामाजिक व्यवस्थामा नयाँ बहस चलाएको थियो ।

## **तम्मासो कम्पान्नेल्ला** १५८६–१६३९)

काल्पनिक समाजवादी चिन्तनको उद्‌भव र बहस चलाउने अर्को चिन्तक तम्मासो कम्पान्नेल्ला (१५६८–१६३९) थिए । थोमस मुरको 'युटोपिया' पुस्तक प्रकाशन भएको लगभग १०० वर्षपछि कम्पान्नेल्लाको 'सूर्य नगर' (१६३३) कृति प्रकाशित भएको थियो (तामाङ, २०६९ : २०) । 'युटोपिया' पछि 'सूर्य नगर' पुस्तले काल्पनिक समाजवादी चिन्तनको बहस चलाएको थियो ।

## सूर्य नगर

कम्पान्नेल्लाले 'सूर्य नगर' कृति इटालीको नेपुल्स जेलमा २७ वर्ष बस्दा लेखेका थिए । उनी काल्पनिक समाजवादी चिन्तक र श्रमिक, किसान र तत्कालिन समाजमा बन्दै गरेका सर्वहारावर्गको प्रतिनिधि र नेता थिए । उनले तत्कालीन इटालीमा र सारा संसारमा न्यायपूर्ण आधारबाट मानिसको पुनर्गठन गर्ने नयाँ समाजवादी

सामाजिक व्यवस्थाको प्रारूप तयार पारेका थिए (सबीरोब १९८८ : ५७) । उनले 'सूर्य नगर' पुस्तक मार्फत नयाँ समाजवादी सामाजिक व्यवस्थाको अवधारणा ल्याएका थिए। उनी पनि काल्पनिक समाजवादी चिन्तक र मजदुर तथा किसान नेता थिए। उनी २७ वर्ष जेलमा बस्दा नयाँ समाजवादी सामाजिक व्यवस्थाको अवधारणा ल्याएका थिए।

**कम्पान्नेल्लाको नयाँ समाजवादी सामाजिक व्यवस्थाको प्रारूप**

उनले आफ्नो कृति 'सूर्य नगर' मा तत्कालिन वुर्जुवा विभेदकारी सामाजिक व्यवस्थाको विरोध गर्दै नयाँ समाजवादी सामाजिक व्यवस्थाको प्रारूप प्रस्तुत गरेका थिए (तामाङ, २०६९ : २०) । उनले वुर्जुवा सामन्तवादी सामाजिक व्यवस्थाको विरूद्धमा नयाँ समाजवादी सामाजिक व्यवास्थाको नयाँ प्रारूप तयार पारेका थिए । यस कृतिमा निजि स्वामित्वको विरोध गरिएको थियो । सूर्य नगरमा बसोबास गर्ने मानिसहरू सबै समान हुन्छन्, धनी गरिब हुँदैनन्, सबै कम्युनमा बस्छन्, एकनिष्ठ परिवार हुँदैन र श्रीमतीहरू साझा हुन्छन् र सम्पतिलाई साझेदारी गर्न र सुरक्षित राख्न राज्यले नियन्त्रण गर्दछ भनी उनले यस कृतिमा प्रष्ट पारेका थिए (सबीरोव, १९८८ : ६०–६१) । उनले निजी स्वामित्वको विरोध गर्दै श्रीमतिहरू पनि साझा हुनुपर्ने अवधारणा अघि सारेका थिए। सबै मानिस कम्युनमा बस्नुपर्ने, सबैको सम्पत्ति साझेदारी हुनुपर्ने र श्रीमतीहरू पनि साझा हुनुपर्ने भनि नयाँ समाजवादी सामाजिक व्यवस्थाको अवधारणा ल्याएका थिए।

**कम्पान्नेल्लाको नयाँ समाजवादी सामाजिक व्यवस्थाको संरचना**

सूर्य नगरमा मानिसको जीवनयापन पारिवारिक नभइ सामुदायिक हुन्छ, मानिसरू साझा भवनमा बस्छन् र हरेक छ महिनामा आ–आफ्नो आवास बदलिरहन्छन्, मानिसहरू सामुहिक भोजनालयमा खाना खान्छन् र यसको लागि आवश्यक वस्तु सबै राज्यले व्यवस्थापन गर्छ भनी उनले प्रष्ट पारेका थिए। उनले सूर्य नगरमा एउटा सर्वोच्च शासक हुन्छ र उसका सहयोगी तीन शासक हुन्छन् । यी तीन शासकले बल, बुद्धि र प्रेमको काम गर्दछन् । बलले सुरक्षा निकाय हेर्ने, बुद्धिले विज्ञानको सञ्चालन गर्ने र प्रेमले गाँसबाँस, कपासको र शिक्षाको व्यवस्थापन गर्ने भनी उल्लेख गरेका थिए (सबीरोव, १९८८ : ६४)। उनले सामुदायिक जीवनयापन, सार्वजनिक सम्पति, साझेदारी उपयोग जस्ता निजी स्वामित्वविहिन सामाजिक व्यवस्थाको अवधारणा अघि सारी मानिसका आधारभूत आवश्यकताहरू गाँसवास, कपास, शिक्षा स्वास्थ्य जस्ता आवश्यकताहरू राज्यले व्यवस्थापन गर्नु पर्ने भनी आफ्नो मत राखेका थिए।

**कम्पान्नेल्लाको काल्पनिक समाजवादी चिन्तनको विशेषता र योगदान**

उनले 'सूर्य नगर' कृतिमा काल्पनिक समाजवादी चिन्तनलाई कल्पनामार्फत कलात्मक ढंगले प्रस्तुत गरेका थिए। उनले निजी स्वामित्वको उन्मुलनको कुरा उठाएका थिए, उत्पादन र वितरणलाई सामुहिकतामा राख्नुपर्छ भनी आवाज उठाएका थिए, अनिवार्य श्रम, सामाजिक शिक्षा, वैज्ञानिक शिक्षा, युद्ध र कलहको अन्त्यको लागि आवाज उठाएका थिए। उनको यो काल्पनिक समाजवादी चिन्तन तीन शताब्दी भन्दा धेरै समयसम्म अस्तित्वमा रहेको थियो र बहसको केन्द्रविन्दुमा रहेको थियो (Boltanski & Chiapello, 2018 : 164-165) । उनको नयाँ समाजवादी सामाजिक व्यवस्था सम्बन्धी काल्पनिक चिन्तनमा निजी स्वामित्वको उन्मुलन, उत्पादन र वितरणमा आम मानिसको समान अधिकार र मानिसका आधारभूत आवश्यकताहरू राज्यले पूर्ति गर्नुपर्ने जस्ता कुराहरू पर्दथे। उनको काल्पनिक समाजवादी चिन्तन तत्कालिन समाजमा धेरै नै लोकप्रिय र प्रसिद्ध थियो । उनले काल्पनिक समाजवादी चिन्तनलाई कलात्मक, सिर्जनशिल र रोचक तरिकाले प्रस्तुत गरेका थिए।

**जेरार्ड विन्स्टेनली** १६०९–१६५२)

थोमस मुर र तम्मासो कम्पान्नेल्ला भन्दा फरक काल्पनिक समाजवादी चिन्तक जेरार्ड विन्स्टेनली (१६०९–१६५२) थिए। उनले इसाइ धर्म र तर्क बुद्धिमुलक विचार हरूको संयोजन गरेर काल्पनिक समाजवादी चिन्तनलाई उद्‌भव र विकास गरेका थिए (सबीरोव, १९८८ : ६६) । उनी पनि काल्पनिक समाजवार्द चिन्तक थिए । उनी सामान्य व्यापारीको घरमा जन्मेका थिए । उनले राम्रोसँग पढ्न नसकेपछि बुवाको व्यापारमा सहयोग गर्दथे । पछि बुवाको व्यापार टाट पल्टेपछि उनी गाउँमा फर्केका थिए। उनी गाउँ फर्किएपछि डिगारोहरूको आन्दोलनमा सहभागि भएका थिए र १७ औं शताब्दीको आग्ल क्रान्तिको नेता बनेका थिए।

**स्वतन्त्रताको कानुन**

उनले 'स्वतन्त्रताको कानुन' (१६५२) कृति लेखि काल्पनिक समाजवादी चिन्तनको बहस चलाएका थिए सबीरोव, १९८८ : ६८)। उनी त्यस समयका विभिन्न आन्दोलनमा सहभागि भएका थिए र क्रान्तिका नेता थिए। उनले 'स्वतन्त्रताको कानुन' पुस्तक लेखी विश्व राजनीतिमा काल्पनिक समाजवादी चिन्तनको अवधारणा अघि सारेका थिए।

**विन्स्टेनलीको नयाँ समाजवादी सामाजिक व्यवस्थाको प्रारूप**

उनले 'स्वतन्त्रताको कानुन' कृतिमा काल्पनिक समाजवादी चिन्तनको परिकल्पना गर्दै नयाँ समाजवादी सामाजिक व्यवस्थाको प्रारूप प्रस्तुत गरेका थिए। उनले परिकल्पना गरेका नयाँ समाजवादी सामाजिक व्यवस्थामा निजी स्वामित्वको विरोध गरेका थिए र 'समानहरूको समाज' (A Society of Equals) निर्माणको अवधारणा ल्याएका थिए (तामाङ, २०६९ : २१)। उनले पनि निजी स्वामित्वको विरोध गर्दै नयाँ समाजवादी सामाजिक व्यवस्थाको निर्माणका लागि आफ्नो अवधारणा अघि सारेका थिए। उनी पटक पटक निजी स्वामित्वलाई समाजमा स्थान दिनु हुन्न भनि मत राख्दथे। उनले समाजमा सम्पत्ति सम्बन्धी असमानतालाई सधैंको लागि समाप्त पार्नुपर्छ भनी नयाँ समाजवादी सामाजिक व्यवस्थाको स्थापनाका लागि जोड दिन्थे (सबीरोव, १९८८ : ६८)। उनले निजी स्वामित्वको उन्मुलन गर्दै समाजमा भएका सम्पत्ति सम्बन्धी असमानतालाई सदाका लागि अन्त्य गर्नुपर्छ भनी आफ्नो मत राखेका थिए। उनले परिकल्पना गरेका समाजवादी सामाजिक व्यवस्थामा निजी स्वामित्व, निजी व्यापार र मुद्राको अस्तित्वको कुनै स्थान नै थिएन र परिवारहरूले आफूले उत्पादन गरेका सबै उत्पादित वस्तुहरू सार्वजनिक गोदाममा राख्दथे र आफूलाई आवश्यक पर्ने खाद्यान्न नि:शुल्क प्राप्त गर्दथे। उनीहरूले उत्पादन र उपभोगको आवश्यकताको पूर्तिलाई सन्तुलित राख्दथे (Pipes, 2003 : 23)। उनले परिकल्पना गरेका नयाँ समाजवादी सामाजिक व्यवस्थामा निजी स्वामित्व, निजी व्यापार, निजी मुद्रालाई कुनै स्थान नदिई उत्पादन र वितरणमा सबैको पहुँच स्थापित गरेका थिए।

**विन्स्टेन्लीको काल्पनिक चिन्तनको विशेषता र योगदान**

१७ औं शताब्दीको प्रारम्भसम्म आइपुग्दा विन्स्टेनलीको 'स्वतन्त्रताको कानुन' कृतिबाट काल्पनिक समाजवादी चिन्तनले नयाँ उचाइ पाएको थियो। उनको काल्पनिक समाजवादी चिन्तनलाई आत्मसात् गरेर सर्वसाधारण जनताले तत्कालीन वुर्जुवा सामन्ती सामाजिक व्वस्थाको विरूद्धमा आवाज उठाएका थिए (सबीरोव, १९८८:७१)। उनले नयाँ समाजवादी सामाजिक व्यवस्थाको अवधारणालाई आत्मसात् गरी स्थापना गर्नका लागि जनता तत्कालिन सामन्ती, सामाजिक व्यवस्थाको विरूद्ध आन्दोलित भएका थिए। उनले त्यस बेलाको 'उत्पादन पद्धतिलाई वितरणको साम्यवादी सिद्धान्तसँग मिलाउनु पर्छ' भनी आफ्ना अवधारणा अघि सारेका थिए (तामाङ, २०६९: २१)। उनले उत्पादन र वितरणलाई साम्यवादी सिद्धान्तसँग मिलाउनु पर्छ भनी काल्पनिक समाजवादी चिन्तन अघि सारेका थिए।

**काल्पनिक समाजवादी चिन्तनका सीमा, समस्या र संश्लेषण**

काल्पनिक समाजवादी चिन्तकहरू कल्पना, भावना र सपनामा सीमित भई नयाँ काल्पनिक समाजवादी चिन्तन र नयाँ समाजवादी सामाजिक व्यवस्थाको प्रारूप तयार पारी राजनीतिक संघर्षको खाका तयार पारी प्रस्तुत गरेका थिए जुन अमूर्त र अपरिपक्व भएका करण कल्पनामै सीमित हुन पुगेको थियो (एंगेल्स, २०१० : ४२–४३)। काल्पनिक समाजवादी चिन्तकहरूले परिकल्पना गरेका नयाँ समाजवादी सामाजिक व्यवस्थाको प्रारूप अपरिपक्व र अमूर्त भएका कारण कल्पनामा मात्रै सीमित हुन पुगेको थियो।

१५ औं शताब्दी देखि १७ औं शताब्दीसम्मको काल्पनिक समाजवादी चिन्तनमा तत्कालिन बुर्जुवा सामन्तवादी सामाजिक व्यवस्थाको र भत्किदै गरेको सामन्तवादी सामाजिक व्यवस्थाको संरचनाबाट उदाउँदै गरेको बुर्जुवा पुँजीवादी सामाजिक व्यवस्थाको दमनकारी, शोषणकारी र विभेदकारी सामाजिक व्यवस्थाको चित्रण कोरिएको थियो। त्यस तत्कालिन समाजमा भर्खरै सर्वहारा वर्गको भ्रुण विकसित हुँदै थियो। यसले गर्दा काल्पनिक समाजवादी चिन्तकहरूले परिकल्पना गरेका नयाँ

समाजवादी सामाजिक व्यवस्था कल्पनामै सीमित भएको थियो (सबीरोव, १९८८ : ७१) । काल्पनिक समाजवादी चिन्तकहरूले नयाँ समाजवादी सामाजिक व्यवस्थाको अवधारणा ल्याए पनि यसलाई स्थापना गर्न ठोस राजनीतिक संघर्षका कार्यक्रम तय गर्न नसक्दा उनीहरूको समाजवादी चिन्तन कल्पनामै सीमित हुन पुगेको थियो । जसले गर्दा विश्व समाजवादी आन्दोनलको इतिहासमा उक्त परिकल्पना काल्पनिक समाजवादी चिन्तनको रूपमा रहेको थियो र काल्पनिक समाजवादी चिन्तनको उद्‌भव भएको थियो । यस्ता कल्पनिक समाजवादी चिन्तनमा थोमस मुन्जरको 'पृथ्वीमा ईश्वरको राज', थोमस मुरको 'युटोपिया', तम्मासो कम्पान्नेल्लाको 'सूर्य नगर' तथा जेरार्ड विन्स्टेनलीको 'स्वतन्त्रताको कानुन' रहेको थियो (सबीरोव, १९८८ : ७१) । यिनीहरूले त्यस बेलाका सामन्तवादी सामाजिक व्यवस्थाका विरूद्धमा परिकल्पना गरेका नयाँ समाजवादी सामाजिक व्यवस्था सम्बन्धी अवधारणा साहित्यमा मात्रै सीमित भए पनि विश्व राजनीतिमा चाहिँ समाजवादी व्यवस्था स्थापनाका निम्ति नयाँ बहस र नयाँ आयाम चाहिँ थपेको थियो । यी कृतिहरूले विश्व राजनीतिमा काल्पनिक समाजवादी चिन्तनको उद्‌भव गराएका थिए र बहस चलाएका थिए । १५ औँ शताब्दीमा थोमस मुञ्जर र थोमस मुरले उद्‌भव गराएका काल्पनिक समाजवादी चिन्तनलाई १६ औँ/१७ औँ/अठारौँ र १९ औँ शताब्दीसम्म क्रमशै : तम्मासो कम्पान्नेल्ला, जेरार्ड विन्स्टेनली, जाँ मेलिये, ग्रैब्रियल बोन्नेदमेब्ली, मोरेली र ग्राक्खस बाब्योफले विकास गरेका थिए भने यसपछि काल्पनिक समाजवादी चिन्तनलाई थप उन्नत र परिष्कृटत बनाउँदै आधुनिकतातिर लाने र मौलिक सिद्धान्त थप्दै सेन्ट साइमन चार्ल्स फुरिये र रोबर्ट ओवेनले विकास गरेका कारण काल्पनिक समाजवादी चिन्तन वैज्ञानिक समाजवादी चिन्तनको जग र स्रोत बन्न पुगेको थियो (Lovell, 1992 : 186-188) । यसरी १५ औँ शताब्दीमा उद्‌भव भएको काल्पनिक समाजवादी चिन्तन १९ औँ मा आइपुग्दा वैज्ञानिक समाजवादी चिन्तनको जग र स्रोत बन्न पुगेको थियो । जसलाई आज हामीले वैज्ञानिक समाजवादी चिन्तनको उद्‌भव र विकासको ऐतिहासिक पृष्ठभूमीको अध्ययन गर्दा नछुटाइ महत्वपूर्ण ढंगले अध्ययन गर्नुपर्ने हुन्छ ।

## निष्कर्ष

आदिम साम्यवादी गणराज्यदेखि सुरू भएको प्राकृतिक समानता र सुखदायी समाजवादी सामाजिक व्यवस्थालाई दास–स्वामी सामाजिक व्यवस्था, सामान्तवादी सामाजिक व्यवस्था र बन्दै गरेको पुँजीवादी सामाजिक व्यवस्थाले ध्वस्त पारिदिएपछि प्राकृतिक न्याय, समानता र सुखदायी सामाजिक व्यवस्थाको ठाउँमा विभेदकारी, शोषणकारी र दमनकारी वुर्जुवा सामाजिक व्यवस्थाको स्थापना भएको थियो र यसको विरूद्धमा विद्रोहात्मक परिकल्पना गरी यो सामाजिक व्यवस्थाको विकल्पका रूपमा आदिम साम्यवादी गणराज्यको झैं प्राकृतिक न्याय, समानता र सुखदायी नयाँ समाजवादी सामाजिक व्यवस्थाको परिकल्पना गरिएको थियो । जसको फलस्वरूप विश्व राजनीतिमा र विश्व समाजवादी चिन्तनको इतिहासमा काल्पनिक समाजवादी चिन्तनको उद्‌भव भएको थियो ।

प्राकृतिक न्याय, समानता र सुखदायी नयाँ समाजवादी सामाजिक व्यवस्थाको परिकल्पना गर्ने काल्पनिक समाजवादी चिन्तनमा थोमस मुन्जर, थोमस मुर, तम्मासो कम्पान्नेल्ला र जेरार्ड विन्स्टेनली थिए । जसले नयाँ समाजवादी सामाजिक व्यवस्थाको परिकल्पना गर्दै काल्पनिक समाजवादी चिन्तनको उद्‌भव गराएका थिए । यी काल्पनिक समाजवादी चिन्तक एउटै कालखण्डमा र समकालिन नभए पनि यिनीहरूका साझा मत र धारणा एउटै थियो, नयाँ समाजवादी सामाजिक व्यवस्थाको स्थापना गर्ने, भलै यी काल्पनिक समाजवादी चिन्तकको मत एकअर्कासँग नमिले पनि । थोमस मुन्जरले 'पृथ्वीमा इश्वरको राज' स्थापना गर्नुपर्छ भनी काल्पनिक समाजवादी चिन्तनको अवधारणा अगाडि ल्याएका थिए र नयाँ समाजवादी सामाजिक व्यवस्थाको स्थापना गर्नु पर्छ भनी काल्पनिक समाजवादी चिन्तनको उद्‌भव गराएका थिए । थोमस मुरले पनि 'युटोपिया' पुस्तक लेखि एउटा सुखद द्विपको वर्णन गर्दै काल्पनिक समाजवादी चिन्तनको अवधारणा ल्याई नयाँ समाजवादी सामाजिक व्यवस्थाको स्थापना गर्नुपर्छ भनी काल्पनिक समाजवादी चिन्तनको उद्‌भव गराएका थिए । तम्मासो कम्पान्नेल्लाले पनि 'सुर्य नगर' पुस्तक लेखि नयाँ समाजवादी सामाजिक व्यवस्थाको परिकल्पना गर्दै काल्पनिक समाजवादी चिन्तनको उद्‌भव गराएका थिए । जेरार्ड विन्स्टेनलीले पनि 'स्वतन्त्रताको कानुन' पुस्तक लेखी नयाँ समाजवादी सामाजिक व्यवस्थाको परिकल्पना गर्दै काल्पनिक समाजवादी चिन्तनको उद्‌भव गराएका थिए । यस आलेखको अध्ययनले विश्व राजनीतिमा उद्‌भव भएको काल्पनिक समाजवादी चिन्तन सम्बन्धी ज्ञान प्राप्ति हुन्छ ।

## सन्दर्भ सामाग्रीहरू


एंगेल्स, फ्रेडरिक, (२०१०), समाजवाद : काल्पनिक तथा वैज्ञानिक, (संस्करण प्रथम हिन्दी), लखनऊ : राहुल फाउन्डेशन।

काशिन, व., चेर्कासोव, न., (१९८८), (अनुवादक : व. मशानोव), (सम्पादक मण्डल : फ.म. वोल्कोव (प्रधान), ये.फ. गूब्स्की, व. व. ऋापीविन, व. द. जोतोव, यू.न. पोपोव, फ.म. बुर्लात्स्की, फ.न. यूर्लोव, व. व. सोबोलेव), सामाजिक और राजनीतिक ज्ञान संक्रमणकाल क्या है ?, (संस्करण हिन्दी), मास्कोः प्रगति प्रकाशन।

तामाङ, सीताराम, (२०६९), विश्व कम्युनिस्ट आन्दोलन, काठमाण्डौँ : मूल्याङ्कन प्रकाशन गृह।

प्लेखानोभ, गोओर्गी, (२०६८), (अनुवादक : शिव तिवारी), काल्पनिक समाजवाद, (संस्करण नेपाली), काठमाण्डौ : भिजन पब्लिकेशन।

शिवाकोटी, गोपाल, (२०६७), राजनीतिक शब्दकोश, काठमाण्डौँ : पैरवी प्रकाशन।

सबीरोव, ह., (१९८८), (अनुवादक : सुरेन्द्र कुमार), (सम्पादक मण्डल : फ. व. वोल्कोव (प्रधान), ये. फ. गूब्स्की, व. व. ऋापीविन, व.द. जोतोव, यू.नं पोपोव, फ.म. बुर्लात्स्की, फ.न. यूर्वोल, व.व. सोबोलेव), सामाजिक और राजनीतिक ज्ञान कम्युनिज्म क्या है?, (हिन्दी संस्करण), मास्को : प्रगति प्रकाशन।

सेलेज्नेव, ल., फेतीसोव, व., १९८७), अनुवादक : ददन उपाध्याय), संपादक मण्डल : फ.म. वोल्कोव प्रधान), ये. फ. गूब्स्की, व.व. ऋापीविन, व.द. जोतोव, यू.न. पोपोव, फ.म., बुर्लात्स्की, फ.न. यूर्लोव, व.व. सोबोलेव), सामाजिक और राजनीतिक ज्ञान वैज्ञानिक कम्युनिज्म क्या है ?, हिन्दी संस्करण), मास्को : प्रगति प्रकाशन।

Afanasyevv, V. G. (1967). *Scientific Communism: A Popular Outline*. Moscow progress publishers

Basso, P. (Ed.). (2021). *The Science and Passsion of Communism : Selected writings of Amadeo Bordiga* (1912 -1965).Chicago, Haymarket Books.

Boltanski, L., & Chiapello, E. (2018). *The newspirit of capitalism*. London: verso.

Cohen, G. A. (2000). *Karl Marx's theory of history: A defense*. Princeton: Princeton University Press.

Conforth, M. (1972). *Communism and human values*. New York International Publishes.

D'Amato, P.(2006). *The meaning of Marxism*. Chicago : Haymarket Books.

Gilabert, P. (2015). The socialist principle "from each according to their abilities, to each according to their needs". *Journal of Social Philosophy*, 46(2), pp. 197–225. doi:10. 1111/josp. 12096

Lovell, D. W. (1992). Socialism, Utopianism and the 'Utopian Socialistics'. *History of European Ideas*, *14*(2), pp.185-201.

Pipes, R.(2003). *Communism : a history.* Random House Publishing.